☎ ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च.नं. ४९६

मितिः २०८२/०८/१६

**विषयः सडक मर्मत सम्भार कामदार/समूह आवश्यक्ता सम्वन्धी सार्वजनिक सूचना ।**

पूर्वाधार विकास कार्यालय, ससरीले यस खडक नगरपालिकामा पर्ने तपसिल बमोजिमका सडकहरुको नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मत सम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मत सम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मत सम्भार कामदारहरु आवश्यक भएको छ।

तपसिलः

| सडकको नाम | सडकको सुरूको स्थान | सडकको अन्तिम स्थान | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| खरचुइया MRM- सिस्वा - फुलकही- काचन-देउरी सडक (सडकको कोडः PRNMP code PR-MH-040) | महेन्द्र राजमार्ग खरचुहियाँ बजार | खडक न.पा.को दक्षिण अन्तिम विन्दु सिस्वा सम्म | २ | |
| विशनपुर महेन्द्र राजमार्ग - बोदे वर्साइन- देउरी बोर्डर सडक, ससरी (सडकको कोडः PRNMP code PR-MH-009) | महेन्द्र राजमार्ग विशनपुर बजार | खडक न.पा.को दक्षिण अन्तिम विन्दु भदैया सम्म | १ | |

सडक मर्मत समूहका सदस्यहरुले आधारभुत सफाई र सरसफाई कार्यहरुका साथै सानातिना मर्मत कार्यहरु गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नु पर्नेछ । कार्य पूर्णकालीन (Full- TIme) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ । यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मत सम्भार समूह (RMG) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ । यदि सडकका केही भागहरु राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागु हुनेछ ।
पूर्वाधार विकास कार्यालय, ससरी मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत माथि उल्लेखित सडकहरुको नियमित मर्मत सम्भार कार्यको लागि यस खडक नगरपालिकाबाट यस आ.व. २०८२/०८३ को लागि सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) माग भई छनौटको लागि यस खडक नगरपालिका लाई लेखि आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ । इच्छुक व्यक्तिहरुले यस खडक नगरपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थित भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनु हुन अनुरोध गरिन्छ। समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

**१. प्राविधिक मापदण्डः**

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनु पर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रुपमा स्वास्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ ।

**२. सामाजिक मापदण्डः**

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ । अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार खडक नगरपालिकाको सबै भन्दा गरिब व्यक्तिहरुबाट हुनुपर्नेछ ।

२०८२/८/१६

२०८२/०८/१६
विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

- महिला उम्मेदबारलाई प्राथमिकता दिइनेछ र महिला सहभागितालाई प्रवर्धन गरिनेछ । छनौट गरिएका मर्मत सम्भार कामदारहरु कम्तिमा ५०% महिला हुनुपर्नेछ । सम्भव भए सम्म सबै छनौट गरिएका मर्मत सम्भार कामदारहरु महिला हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित, जनजाति, विपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति, समय र स्थानः**

* आवेदनको अन्तिम मितिः २०८२/०८/२२ गते सम्म
* समयः कार्यालय समय भित्र
* सम्पर्क स्थानः खडक नगरपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी ।

२०८२/८/१६

..........२०८२/०८/१६

(विजय कुमार मण्डल)
प्रमुख प्रशासकीय अधिकृत

**विजय कुमार मंडल**
**प्रमुख प्रशासकीय अधिकृत**